तिलाठी कोईलाडी गाउँपालिका
তিনাঠী কাজেলাডী গাঁউপানিকা
गाउँ कार्यपालिकाको कार्यालय EmailId:tilathikoiladigp@gmail.com
तिलाठी, सप्तरी
मधेश प्रदेश, नेपाल

प. स. २०८१/०८२

च. नं. :

## वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत वालबालिकाहरुलाई प्रदान गरिने छात्रबृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ । छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यविधि, २०८० वमोजिम २०८१ असोज मसान्त भित्र निवेदन पेश गर्नु हुनका साथै सम्बन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी (शिक्षा समितिबाट निर्णय हुने गरी गाउँपालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन वैदेशिक रोजगार बोर्ड सचिवालय निर्देशक समितिको मिति २०८१/०४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी थप जानकारी सचिवालयको वेवसाईटमा विस्तृत सुचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन यस गाउँपालिकाको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्बर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ । सूचना तथा कार्यविधि सचिवालयको वेवसाईट www.feb .gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत